जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २७३ २०७९ साल जेठ २५ गते बुधबार (8 June 2022 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**सर्पको टोकाईबाट बचौं र बचाऔं ।**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : अघि बढ्यो तामाकोशी पाँचौं.. ३ पृष्ठमा : मधेस प्रदेश : सरकारको नीति.. ३ पृष्ठमा : चर्चमा बम हमलाको ...

## गठबन्धन कायमै रहने : माधव नेपाल



**दैनिक समाचारदाता**
**राजविराज, २४ जेठ ।**

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले सत्ता गठबन्धनलाई निरन्तरता दिनुपर्ने बताएका छन् ।

पार्टीका नेता रामनारायण चौधरीप्रति श्रद्धाञ्जली दिन सप्तरी आएका अध्यक्ष नेपालले राजविराज विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै प्रतिनिधी र प्रदेश सभाको निर्वाचन सम्म पनि यही गठबन्धन कायमै रहने बताएका हुन् ।

अगामी प्रतिनिधी र प्रदेश सभाको निर्वाचनको उम्मेदबारको बिषयमा गठबन्धनमा छलफल भइरहेको बताउदै एकीकृत समाजवादी पार्टी जालझेलमा नपरि सिधा ढगले अगाडी बढने समेत उनको भनाई छ ।

अगामी हुने निर्वाचनमा प्रतिनिधी सभाका उम्मेदवार र प्रदेश सभाको उम्मेदवार व्यवस्थापन कसरी गर्ने बारेमा समेत छलफल गरि यसमा सबै तैयार रहेको उनले बताए । इमनदार र निष्टापुर्ण राजनैतिक गर्ने पार्टी नेकपा एस पार्टी भएकोले जनताको हितमा पार्टीले सेवा गर्ने उनले दाबी गरे ।

साथै आफ्नो पार्टीबाट छिट्टै मन्त्री परिवर्तन हुने बताउदैं प्रधानमन्त्री शेरबहादुर देउवाले समय मागेकाले तत्काल मन्त्री हेरफेर रोकिएको उनले स्पष्ट पारे ।

मंगलवार नेकपा एकिकृत (समाजवादी) का अध्यक्ष माधव नेपालसहित केन्द्रिय तथा जिल्लास्तरीय नेताहरुले पार्टीको झण्डा ओढाएर स्व. चौधरीलाई अन्तिम श्रद्धान्जली दिएका छन् । घरमा श्रद्धाञ्जलीका लागी २ घण्टा चौधरीको शव राखिएको थियो ।

*बाँकी अन्तिम पृष्ठमा*

## नेकपा एसका नेता चौधरीको दुर्घटनामा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २४ जेठ ।**

नेकपा एकिकृत ( समाजवादी) सप्तरीका नेता रामनारायण चौधरीको सडक दुर्घट्नामा परी ज्यान गएको छ ।

सोमवार साँझ उनी सवार स.१०प. ४६११ नम्बरको स्कुटरलाई विपरीत दिशाबाट तिब्र गतीमा आउदै गरेको ना.६ख. ६३९९ नम्बरको ट्रकले ठक्कर दिदा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

सप्तरीको सुरुङ्गा नगरपालिका घर भएका उनी काम विशेषले निस्केका बेला पुर्व पश्चिम राजमार्ग अन्तर्गत खडक नगरपालिका ५ रंजितपुर खण्डमा उनी सवार स्कुटरलाई ट्रकले ठक्कर दिदा घटनास्थल मै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

स्थानीयहरुका अनुसार ट्राफिक प्रहरीले चौधरी चढेको स्कुटरको कागजातहरु चेकजाँच गर्दै गरेको बेला अचानक तिब्र गतिमा आएको ट्रकले ठक्कर दिएको थियो ।



ठक्कर दिने ट्रक र चालकलाई नियन्त्रणमा लिएको डिएसपी काफ्लेले बताए । रेडक्रस सोसाईटी शाखा सप्तरीका उपसभापती एवं नेकपा एकिकृत ( समाजवादी)पार्टी सप्तरीको जिल्ला कमिटी सदस्य समेत रहेका ५२ वर्षिय चौधरी हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा नेकपा एकिकृत ( समाजवादी)पार्टीको तर्फबाट सुरुंगा नगरपालिकाको नगरप्रमुख पदमा उम्मेदवार रही सम्मानजनक मत ल्याएका थिए ।

नेपाली काँग्रेसकी उम्मेदवार गिता चौधरीसंग पराजीत भएका चौधरी निकटतम प्रतिद्वन्दी रहेका थिए । चौधरीको मृत्युको खबरले नगर शोकमा डुबेको छ ।

## माइक्रोबस दुर्घटनामा एक महिलाको मृत्यु, दश जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २४ जेठ ।**

सप्तरीको रुपनी गाउँपीलका ५ मुसहरनियाँ बसविट्टीमा माइक्रोबस दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन् ।

राजविराज-रुपनी सडक खण्डमा राजविराजतर्फ आउँदै गरेको मधेस प्रदेश ०३-००१ ज ०२७७ नम्वरको माइक्रोबस अनियन्त्रित भएर दुर्घटना भएको हो ।

सो दुर्घटनामा परेर रुपनी गाउँपालिका-१ नकटीरायपुरका ६८ वर्षीया तारावतीदेवी यादवको मृत्यु भएको प्रहरी नायव उपरिक्षक माधव प्रसाद काफलेले बताए ।

दुर्घटनामा गम्भीर घाइते भएकी यादवको उपचारको लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविरज ल्याइएको भएपनि उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उक्त दुर्घटनमा परी रुपनी-२ की ३० वर्षीया निर्मला देवी मण्डल, ३ की ३२ वर्षीया गौरी मण्डल र ३ कै ३४ वर्षीय रामा कुमार साह घाइते भएका छन् ।

यस्तै दुर्घटनामा जिल्लाको शम्भुनाथ नगरपालिका-६ कठौनाका ४५ वर्षीया बिलेवती देवी साह, वठा नम्वर ११ का ५६ वर्षीय रामनरायण चौधरी, डाक्नेश्वरी नगरपालिका-१ की ३३ वर्षीया लिला देवी सदा, सोही ठाउँका ३४ वर्षीय धर्मेन्द्र सदा घाइते भएका छन् ।

त्यस्तै, सिरहाको कर्जनहा

*बाँकी अन्तिम पृष्ठमा*

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रोत्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# अघि बढ्यो तामाकोशी पाँचौँ, १६ अर्ब ४५ करोड लगानी स्वीकृत

**रमेश लम्साल**

काठमाडौँ, २४ जेठ (रासस)।

गत असारदेखि सञ्चालनमा आएको राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोशीले नेपालको ऊर्जा क्षेत्रमा रणनीतिक परिवर्तन गरिदियो। मुलुकको राष्ट्रिय प्रणालीमा एकैपटक ४५६ मेगावाट बिजुली थप हुँदा त्यसले उपलब्ध गराउने ऊर्जा र आर्थिक क्षेत्रमा परेको प्रभाव आफैँमा महत्वपूर्ण छ।

स्वदेशी लगानीमा निर्माण सम्पन्न भएको आयोजना ऊर्जा सुरक्षाका हिसाबले पनि उत्तिकै प्रभावकारी मानिएको छ। सोही आयोजनासँग जोडिएको अर्को आयोजना तामाकोशी पाँचौँ पनि अब निर्माणमा जाने तयारीमा छ। माथिल्लो तामाकोशीको 'टेलरेस' सुरुङबाट निस्केको पानी प्रयोग गरेर १०० मेगावाट बराबर बिजुली उत्पादन गर्ने लक्ष्यका साथ अगाडि बढाइएको आयोजनाको सोमबार मात्रै सरकारले लगानी स्वीकृत गरेको छ। रु पाँच अर्ब माथि लगानी हुने आयोजनाको निर्णय लगानी बोर्डमार्फत हुनुपर्ने कानुनी बन्दोबस्ती छ।

सोही प्रबन्धका कारण तामाकोशी पाँचौँका लागि रु १६ अर्ब ४५ करोड ९८ लाख बराबरको लगानी स्वीकृत गरिएको छ। तर, यो लगानी भने स्वदेशी नै हो। सो आयोजना पनि पूर्णरूपमा स्वदेशी लगानीमा नै निर्माण हुनेछ। माथिल्लो तामाकोशीको विद्युत् गृह रहेको ठाउँबाट टेलरेस सुरुङ हुँदै बाहिर निस्केको पानी प्रयोग गरेर निर्माण गर्न लागिएको आकर्षक आयोजना हो। तामाकोशी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत नसिबमान प्रधानका अनुसार आयोजना निर्माणमा जानुपूर्वका सबै काम भइरहेको छ। परामर्शदाता छनौटको काम अन्तिम चरणमा पुगेको छ। ऋण लगानीकर्ता कर्मचारी सञ्चय कोषसँग वित्तीय व्यवस्थापनसम्बन्धी सम्झौताको पनि अन्तिम तयारी भइरहेको छ। आगामी असार मसान्तभित्रै सबै काम सकाउने योजनाका साथ काम भइरहेको उहाँले जानकारी दिनुभयो।

निर्माण व्यवसायी छनौटका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन लागिएको छ। नेपालको ऊर्जा क्षेत्रको विकासका लागि एकपछि अर्को लगानी गर्दै आएको कर्मचारी सञ्चय कोषले तामाकोशी पाँचौँमा रु १२ अर्ब बराबरको ऋण उपलब्ध गराउने भएको छ। रसुवागढी, माथिल्लो साञ्जेन, साञ्जेन र भोटेकोशीमा एकलौटी लगानी गरेको कोषले तामाकोशी पाँचौँमा भने एक्लै लगानी गर्न लागेको हो। लगानीसम्बन्धी त्रिपक्षीय समझदारीपत्रमा गत साउनमा हस्ताक्षर भएको थियो।

कूल १०० मेगावाट क्षमताको सो आयोजना असाध्यै आकर्षक देखिएकाले कोषले लगानी गर्न लागेको हो। माथिल्लो तामाकोशीको क्यासकेड परियोजनाका रूपमा तामाकोशी पाँचौँ अगाडि बढाउन लागिएको हो। आयोजनाको कूल लगानीमध्ये रु १२ अर्ब कोषले उपलब्ध गराउँदा थप रु चार अर्ब भने प्राधिकरणले लगानी गर्नेछ। परियोजना सस्तो र आकर्षक भएकाले पनि आफूहरूले खुला हृदयका साथ लगानी गर्न लागेको कोषले यसअघि नै स्पष्ट पारिसकेको छ। माथिल्लो तामाकोशीको विद्युत् गृहमा बिजुली निकालेर निस्किएको पानीलाई उपयोग गरेर दोलखाको स्थानीय सुरीदोभान पुर्‍याइनेछ। आयोजनामा कूल आठ किलोमिटर लामो सुरुङ निर्माण हुनेछ।

माथिल्लो तामाकोशी निर्माणका क्रममा नै केही संरचनासमेत तयार भएकाले आयोजनालाई थप सहज भएको प्रमुख कार्यकारी अधिकृत प्रधानको भनाइ छ। यसमा बाँध निर्माण गर्नुनपर्ने भएकाले पनि थप सहज भएको छ। माथिल्लो तामाकोशीको टेलरेस सुरुङलाई अर्को टनेलमा स्थानान्तरण गर्न मिल्ने गरी भूमिगत इन्टेक निर्माण भइसकेको छ। तामाकोशी पाँचौँमा २५ मेगावाट क्षमताका चार युनिट रहनेछ। आयोजनाको कूल लागतका आधारमा प्रतिमेगावाट लागत रु १६ करोड हाराहारीमा मात्रै पर्ने भएकाले पनि सस्तो मानिएको छ। आयोजनाका लागि पहुँचमार्ग निर्माण गर्नुपर्ने अवस्था छैन। माथिल्लो तामाकोशीको सबै संरचनासमेत प्रयोग गर्न सकिन्छ। त्यसकारण पनि व्यवस्थापन थप सरल छ।

प्रसारण लाइनसमेत तयारी हालतमा रहेको, लागत सस्तो पर्ने एवम् सबै विषयले सहज भएकाले कोषले ऋण उपलब्ध गराउन कुनै कन्जुस्याई नै गरेन। आयोजनाले वार्षिक रूपमा ५४० गिगावाट घण्टा ऊर्जा उत्पादन गर्नेछ। पूर्वऊर्जामन्त्री वर्षमान पुनले सो आयोजनालाई जनताको जलविद्युत् कार्यक्रममा समावेश गर्नुभएको थियो। आयोजनाले स्थानीय प्रभावित एवं आमसर्वसाधारणलाई साधारण शेयर बिक्री गर्नेछ।

केही अघिसम्म सो आयोजना माथिल्लो तामाकोशीअन्तर्गत नै राख्नुपर्ने माग पनि उठेको थियो। तर, प्राधिकरणले छुट्टै कम्पनी स्थापना गरेर अगाडि बढाएको छ।

# असारभित्रै इम्बोस्ड नम्बर राख्नुपर्ने प्रावधान फिर्ता लिन माग

काठमाडौँ, २४ जेठ (रासस)।

सांसदहरूले आगामी असारभित्रै सवारी साधनमा इम्बोस्ड नम्बर राख्नुपर्ने यातायात व्यवस्था विभागले जारी गरेको प्रावधान फिर्ता लिन माग गर्नुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा विनियोजन विधेयकमाथिको छलफलका क्रममा नेपाली कांग्रेसका सांसद गगनकुमार थापाले सबै जनताले असारभित्रै सबै सवारी साधनमा इम्बोस्ड नम्बर राख्न तत्काल सम्भव नभएकाले यो प्रावधान फिर्ता लिन माग गर्नुभयो। साथै उहाँले सम्बन्धित मन्त्रीलाई इम्बोस्ड नम्बर राख्नका लागि यातायात कार्यालयमा सर्वसाधारणको लाइन र सास्ती हेर्नसमेत आग्रह गर्नुभयो।

बैठकमा विनियोजन विधेयक २०७९ को विभिन्न शीर्षकहरूमाथि छलफल जारी छ। मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको विभिन्न शीर्षकहरूमाथि छलफल जारी छ।

सांसद थापाले काठमाडौँको अहिले देखिएको फोहर व्यवस्थापनको मूल जिम्मेवारी महानगरपालिका र सहरी विकास मन्त्रालयको भएको र यसअघिको समयमा आवश्यक काम नगरेकाले अहिलेको समस्या देखिएको बताउनुभयो। उक्त समस्याको गाँठो फुकाउनका लागि आफूहरू सहयोग गर्न तयार रहेको बताउँदै उहाँले काठमाडौँको बञ्चरे डाँडा र सिसडोलमा थप बजेटमा निकास खोजेर भए पनि समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले आगामी दिनमा कम मूल्यमा मात्रै होइन कम समयमा पनि काम गर्छु भन्नेलाई ठेक्का दिँदा पूँजीगत खर्च कम हुने र समस्या समाधान हुने धारणा व्यक्त गर्नुभयो।

नेकपा एमालेका सांसद भीमबहादुर रावलले सवारी साधनमा इम्बोस्ड नम्बर असारभित्रै यातायात विभागले राख्न गरेको निर्देशनको विरोध जनाउँदै यसको ठेक्का प्रक्रिया शङ्काका घेरामा रहेको समेत उल्लेख गर्नुभयो। यसबाट जनता के कति लाभान्वित हुन्छन् समीक्षा गर्नुपर्ने बताउँदै उहाँले बायोमेट्रिक सूचना निजी कम्पनीले लिँदा व्यक्तिगत विवरण गोप्य नरहने समेत उल्लेख गर्नुभयो। साथै उहाँले यस बारेमा पुनःविचार गर्न सरकारसँग आग्रह गर्नुभयो।

सांसद रावलले बजेटमा सुरुङ निर्माण सम्बन्धमा सीमित जिल्लामा मात्र कार्यक्रम रहेको उल्लेख गर्दै यसले समग्र राष्ट्रलाई विकासमा समेट्ने दृष्टिले कसरी हेर्न सकिन्छ भनी प्रश्न गर्नुभयो। उहाँले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका सम्बन्धमा भएको फैसलाप्रति असन्तुष्टि जनाउँदै सरकारले ठूलो रकम लगानी गरिसकेको सन्दर्भमा निर्माण रोक्न नहुने धारणा व्यक्त गर्नुभयो। साथै उहाँले यो फैसलाले शक्ति पृथकीकरणको सिद्धान्त उल्लङ्घन भएको टिप्पणीसमेत गर्नुभयो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# जुनसुकै बेला इन्टरनेट काटिन सक्ने

काठमाडौँ, २४ जेठ (रासस)।

देशका विभिन्न नौ स्थानमा जडान गरिएको इन्टरनेट जुनसुकै बेला काटिन सक्ने भएको छ। इन्टरनेट सेवा प्रदायकहरूको छाता सङ्गठनका रूपमा रहेको इन्टरनेट सेवा प्रदायक सङ्घ नेपाल (आइस्पान)ले नेपाल विद्युत् प्राधिकरणका कारण उक्त स्थानमा इन्टरनेट जुनसुकै बेला काटिनसक्ने जनाएको हो।

आइस्पानले एक विज्ञप्ति जारी गर्दै इलाम, विराटनगर, खोटाङ, गाईघाट, इनरुवा, धरान, धुवही, लहान र डोटीमा जुनसुकै बेला इन्टरनेट सेवा अवरुद्ध हुनसक्ने जनाएको हो। "इन्टरनेट प्वाइन्ट तथा डाटा सेन्टर जडान गरिएको स्थानमा प्राधिकरणले घरबेटीसमेतको विद्युत् लाइन काट्ने कार्य निरन्तर रूपमा गरिरहेको छ, प्राधिकरणले विद्युत् कटौती गरेपछि ब्याकअप सिस्टमको प्रयोग गरिएको छ, ब्याकअप सिस्टमले धान्न छाडेपछि जुनसुकै बेला इन्टरनेट सेवा अवरुद्ध हुनसक्छ", आइस्पानले जनाएको छ।

प्राधिकरणले इन्टरनेट सेवा प्रदायक कम्पनीले पोलभाडाको बक्यौता रकम भुक्तानी नगरेको भन्दै केही स्थानमा विद्युत् कटौती गर्न थालेको छ। बक्यौता रकम भुक्तानीका लागि पटक/पटक आग्रह गर्दासमेत भुक्तानी नभएपछि प्राधिकरणले विद्युत् कटौती गर्न थालेको हो।

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस प्रदेश : सरकारको नीति तथा कार्यक्रममाथि छलफल सुरु

जनकपुर, २४ जेठ (रासस)।

मधेस प्रदेशसभामा प्रस्तुत प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममाथि छलफल सुरु भएको छ। प्रदेशसभाको नवौं अधिवेशनअन्तर्गत गत जेठ २२ गते बसेको प्रदेशसभा बैठकमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रले सरकारको आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

मंगलबार बसेको प्रदेशसभाको बैठकमा सरकारको सो नीति तथा कार्यक्रममाथिको छलफल भाग लिँदै प्रदेशसभाका सदस्यले सरकारको नीति कार्यक्रम स्वागतयोग्य रहेकाले सोहीअनुरुपको बजेट बनाउन सुझाव दिएका छन्। बैठकमा प्रदेशसभा सदस्य परमेश्वर साहले मधेस सरकारले ल्याएको नीति तथा कार्यक्रममा समेटिएका कुरा सकारात्मक रहेको भन्दै त्यसको कार्यान्वयनमा शङ्का रहेको टिप्पणी गर्नुभयो।

सुरुदेखि नै एउटै विषयलाई नीति तथा कार्यक्रममा राखिँदै आए पनि काम केही नभएको गुनासो गर्नुहुँदै उहाँले दूधमती महेन्द्रनगर करिडोरलाई धार्मिक पर्यटकीयस्थलको रुपमा विकास गरिनेछ भनेर सुरुदेखि नै सबै नीति तथा कार्यक्रममा राखिँदै आएको भए पनि त्यो कार्य हुन नसकेको गुनासो गर्नुभयो।

प्रदेशसभा सदस्य दिलीपकुमार साहले प्रदेश सरकारले ल्याएको नीति कार्यक्रममा राखिएको विषय स्वागतयोग्य रहेको भएको उल्लेख गर्नुहुँदै सिरहाको पर्यटकीयस्थललाई नीति तथा कार्यक्रम नसमेटिएकाले त्यसलाई पनि समेटिनुपर्ने बताउनुभयो। उहाँले नीति तथा कार्यक्रमलाई टेकेर बजेट विनियोजन गर्न आग्रहसमेत गर्नुभयो।

प्रदेशसभा सदस्य रामअशिष यादवले प्रदेश सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रम प्रदेशको समृद्धिका लागि कोसेढुङ्गा हुने दाबी गर्नुहुँदै विगतकै वर्षमा ल्याउनुपर्ने कतिपय विषय अन्तिममा भए पनि समेटिएको बताउनुभयो। उहाँले सरकारले नीति तथा कार्यक्रममा कृषि, पर्यटन र सामाजिक न्यायका विषयलाई प्राथमिकता दिनु सकारात्मक रहेको उल्लेख गर्दै पर्यावरणीय पक्षलाई पनि ध्यान दिनुपर्ने सुझाव दिनुभयो।

मंगलबारको बैठकमा प्रदेशसभा सदस्य बच्चाराम अहिर, किशोरी साह (कमल), शिवचन्द्र चौधरी, मो समिम, जैनुल राइन, सत्यनारायण मण्डल, सुरिताकुमारी साह, मदनसेन श्रीवास्तव, उपेन्द्र महतो, बबिता कुमारी, बाबुलाल साहलगायतले सरकारको नीति तथा कार्यक्रममा छुटेका विषयवस्तु समेट्न सुझाव दिनुभयो।

सरकारको नीति तथा कार्यक्रममाथि भोलि बस्ने प्रदेशसभा बैठकमा पनि प्रदेशसभा सदस्यले सुझाव राख्ने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका सचिव रञ्जीकुमार यादवले जानकारी दिनुभयो।

**संशोधन प्रस्ताव दर्ता**

मधेस प्रदेशसभा बैठकमा प्रस्तुत प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममाथि प्रदेशसभाका पाँच जना प्रदेशसभा सदस्यले संशोधन प्रस्ताव दर्ता गराउनुभएको छ।

प्रदेशसभा सदस्य बच्चाराम अहिर, परमेश्वर साह, दिलीपकुमार साह, सुन्दरबहादुर विश्वकर्मा र बाबुलाल साह (कानु) ले नीति तथा कार्यक्रममाथि संशोधन प्रस्ताव दर्ता गराउनुभएको प्रदेशसभा सचिवालयले जनाएको छ। संशोधन प्रस्ताव दर्ता गराउनुभएकामध्ये प्रदेशसभा सदस्य बच्चाराम अहिर, परमेश्वर साह, दिलीपकुमार साह र बाबुलाल साह (कानु) ले प्रदेशसभामा आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गरिसक्नुभएको छ भने प्रदेशसभा सदस्य सुन्दरबहादुर विश्वकर्माले भोलिको बैठकमा संशोधन प्रस्ताव प्रस्तुत गर्नुहुनेछ।

**प्रदेश सञ्चार ऐन २०७७ संशोधन विधेयक पेश**

मधेस प्रदेशसभाको मंगलबारको बैठकमा प्रदेश सञ्चार ऐन २०७७ संशोधन गर्न बनेको विधेयक पेश भएको छ। बैठकमा प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले प्रदेश सञ्चार ऐन २०७७ संशोधन गर्न बनेको विधेयक पेश गर्नुभयो। प्रदेश सञ्चार ऐन २०७७ मा केही कुरा संशोधन गर्नुपर्ने र परिमार्जन गर्नुपर्ने भएकाले सो विधेयक पेश गरिएको मन्त्री साहले जानकारी दिनुभयो।

# प्रधानमन्त्री देउवा समक्ष लोसपाको ज्ञापनपत्र

काठमाडौं, २४ जेठ (रासस)।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले जन्मसिद्ध नागरिकका सन्तानलाई नागरिकता प्रदान गरिनुपर्ने तथा आफ्ना नेता-कार्यकर्ताका मुद्दा फिर्ता लगायतका माग राख्दै मंगलबार प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाएको छ।

लोसपाका अध्यक्ष महन्थ ठाकुर नेतृत्वको टोलीले प्रधानमन्त्री निवास बालुवाटार पुगेर प्रधानमन्त्री देउवासमक्ष ११ बुँदे मागसहितको ज्ञापनपत्र बुझाएको हो। अध्यक्ष ठाकुरका साथमा नेताहरू राजेन्द्र महतो, शरतसिंह भण्डारी, लक्ष्मणलाल कर्णलगायतका नेताहरू बालुवाटार पुग्नुभएको थियो। ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री देउवाले सो पार्टीका मागप्रति सकारात्मक रहेको भन्दै कार्यान्वयनका लागि पहल गर्ने बताउनुभएको लोसपाका नेता लक्ष्मणलाल कर्णले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "हामी (लोसपा) ले प्रधानमन्त्रीलाई मागसहितको ज्ञापनपत्र बुझायौं, उहाँ सकारात्मक हुनुहुन्छ, कार्यान्वयन गर्ने बचन दिनुभएको छ, हामी विश्वस्त छौं वर्तमान सरकारले यसलाई कार्यान्वयन गर्नेछ।"

लोसपाले विगतदेखि उठाएका माग, यसअघिका विभिन्न सरकारसँग गरेका समझदारी र सम्झौता कार्यान्वयन नभएको भन्दै अविलम्ब कार्यान्वयन गर्न वर्तमान सरकारको ध्यानाकर्षण गराएको छ। ज्ञापनपत्रमा मधेस/थरुहट आन्दोलनलगायत नेता कार्यकर्तामाथि लगाइएका मुद्दा फिर्ता लिनुपर्ने, रेशम चौधरीलगायत बन्दीहरूको रिहाइ गरिनुपर्ने माग गरिएको छ। नेपालका उत्पीडित समुदाय मधेसी, थारु, आदिवासी जनजाति, शिल्पी (दलित), महिला, मुस्लिमलगायतका सम्मान, पहिचान र अधिकार प्राप्तिको लागि संविधान संशोधन गर्न लोसपाले माग गरेको छ।

यस्तै तीन तहको सरकारद्वारा समानुपातिक बजेट वितरणको सिद्धान्त लागू गर्नुपर्ने, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, विगतमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग गरिएका सम्झौता लागू गर्नुपर्ने ज्ञापनपत्रमा भनिएको छ। त्यसैगरी स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सुनिश्चित गरिनुपर्ने, कृषकलाई मलको व्यवस्था गर्नुका साथै बाढीपहिरोलगायत विपद् जोखिम नियन्त्रण र विस्थापितको बसोबासको व्यवस्था गरिनुपर्ने, भूमीहिन उत्पीडित समुदायलाई प्राथमिकतामा राखेर जग्गा उपलब्ध गराउन लोसपाले ध्यानाकर्षण गराएको छ।

# सात किलो गाँजासहित रौतहटमा एक जना पक्राउ

रौतहट, २४ जेठ।

रौतहट प्रहरीले सात किलो गाँजासहित रौतहटमा एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा रौतहटको चन्द्रपुर नगरपालिका ७ का पनिलाल दास रहेका छन्।

दासले अवैध रुपमा गाँजाको कारोबार गरिरहेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले दासको घरमा खोजतलास गरेको थियो।

खोजतलासको क्रममा प्रहरीले दासको घरबाट सात किलो गाँजा बरामद गरेको हो। ठूलो परिमाणमा दासको घरबाट गाँजा बरामद भएपछि प्रहरीले गाँजासहित दासलाई पनि नियन्त्रणमा लिएको छ।

दास विगत केही वर्षदेखि गाँजाको कारोबार घरबाटै गर्दै आएका थिए। गाँजा र गाँजाको कारोबार गर्ने मानिस पक्राउ परेपछि थप अनुसन्धान सुरु गरिएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### चर्चमा बम हमलाको राष्ट्रसङ्घीय महासचिवद्वारा निन्दा

संयुक्त राष्ट्रसङ्घ, २४ जेठ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसले नाइजेरियामा भएको बम हमलाको निन्दा गर्नुभएको छ।

उहाँले यस्तो जघन्य अपराध नगर्न भन्दै यस कार्यमा संलग्नलाई कारबाही गर्न माग पनि गर्नुभएको छ। नाइजेरियाको दक्षिणपश्चिममा रहेको एक क्याथोलिक चर्चमा आइतबार भएको आक्रमणमा बन्दुकधारीहरुले बालबालिकासहित कम्तीमा २१ जनाको ज्यान लिएका थिए।

सो हिंसाको अन्तरराष्ट्रियस्तरमा व्यापक निन्दा पनि भएको स्थानीय अधिकारीले बताएका छन्। महासचिव गुटेरेसले एक विज्ञप्ति प्रकाशन गरेर यस्ता कार्य मानवीय अपराध भएको भन्दै आगामी दिनमा यस्ता हिंसात्मक कार्य कसैले पनि दोहोऱ्याउन नहुने बताउनुभएको हो।

नाइजेरियाको दक्षिणपश्चिममा अवस्थित ओवो शहरको सेन्ट फ्रान्सिस क्याथोलिक चर्चमा भएको सो रक्तपातमा त्यहाँको जिहादी समूहको हात रहेको बताइएको छ। सो समूहले पटक पटक सर्वसाधारणसमेतलाई क्षति पुग्नेगरी आक्रमण गर्ने गरेको सरकारी अधिकारीले बताएका छन्। यद्यपि आक्रमणको जिम्मेवारी कुनै समूहले लिएको छैन।

सो चर्चमा उपस्थित सर्वसाधारणमाथि हतियारधारी समूहले अन्धाधुन्ध गोली चलाउनु पहिले चर्चभित्र एउटा सानो विस्फोटको आवाज सुनिएको प्रत्यक्षदर्शीले बताएका छन्।

### श्रीलंकाका प्रधानमन्त्रीद्वारा इन्धन कम प्रयोग गर्न नागरिकहरूलाई आग्रह

कोलम्बो, श्रीलंका, २४ जेठ (रासस/एएनआई)।

श्रीलङ्काका प्रधानमन्त्री रनिल विक्रमासिङ्घेले आगामी तीन साता थप कठिन हुने भन्दै नागरिकहरूलाई इन्धन र ग्यास कम प्रयोग गर्न आग्रह गरेका छन्।

संसदमा बोल्दै प्रधानमन्त्रीले आफ्नो सरकारको मुख्य प्राथमिकता आर्थिक स्थायित्व रहेको बताउँदै कडा परिश्रम र लगनशीलताका माध्यमबाट बौद्धिक सोचका आयोजना कार्यान्वयन गरेर मात्रै यो लक्ष्य हासिल गर्न सकिने बताएका छन्। श्रीलङ्काले इन्धनमा मासिक ५० करोड अमेरिकी डलर खर्च गर्ने र ग्यास आयात गर्न मासिक चार करोड अमेरिकी डलर आवश्यक पर्ने उनले बताए।

"आउँदो तीन हप्ता हाम्रो लागि इन्धनको सन्दर्भमा कठिन समय हुनेछ। अतः हामी सबैले इन्धन र ग्यास होसियारीसाथ प्रयोग गर्नुपर्छ...अनावश्यक यात्रा सकेसम्म सीमित गर्नुपर्छ। त्यसैले म सबै नागरिकहरूलाई यसबाट टाढा रहन आग्रह गर्दछु। यस अवधिमा इन्धन र ग्यासको भण्डारण गर्ने बारे सोच्दै छु," सिन्ह्वाले विक्रमासिङ्घेलाई उद्धृत गर्दै उद्धृत गरेको छ।

"ती कठिन तीन हप्ता पछि हामी थप अवरोधबिना इन्धन र खाना उपलब्ध गराउने प्रयास गर्नेछौं। यो सुनिश्चित गर्न विभिन्न पक्षहरूसँग वार्ता भइरहेको छ।" उनले थपे।

श्रीलङ्का विदेशी मुद्राको अभावका कारण सबैभन्दा खराब आर्थिक सङ्कटको बीचमा छ जसको कारण औषधि, इन्धन र खाद्यान्न जस्ता अत्यावश्यक वस्तुहरूको अभाव भएको छ।

आर्थिक र राजनीतिक उथलपुथलका कारण महिनौंदेखि ठूलूला विरोध प्रदर्शनहरू भइरहेका छन् जसले पूर्वप्रधानमन्त्री महिन्दा राजापाक्षेलाई अपदस्थ गरेको थियो।

### अफगान प्रान्तमा २,००० भन्दा बढी परिवारलाई खाद्यान्न सहायता प्रदान

काबुल, २४ जेठ (रासस/सिन्ह्वा)।

अफगानिस्तानका चार प्रान्तमा कूल २,०८६ परिवारले खाद्यान्न सहायता प्राप्त गरेको विपद् व्यवस्थापन तथा मानवीय मामिला राज्यमन्त्रीको कार्यालयले मङ्गलबार जनाएको छ।

एजेन्सीको वेबसाइटका अनुसार सोमबार उत्तरी फर्याब, सामङ्गन, बाघलान प्रान्त र दक्षिणी कान्दाहार प्रान्तमा असहाय र प्राकृतिक प्रकोपबाट प्रभावित परिवारहरूलाई खाद्यान्न सहायता वितरण गरिएको बताइएको छ।

सहायता प्याकेजहरूमा पीठो, सिमी, खाना पकाउने तेल, चिनी र ताजा खजुरहरूलगायतका खाद्यान्न समावेश थिए।

धेरै जसो सहयोग अन्तरराष्ट्रिय मानवीय एजेन्सीहरू द्वारा प्रदान गरिएको थियो र परिवारहरूलाई प्रादेशिक विपद् अधिकारीहरू र सहायता एजेन्सीहरूको सदस्यहरूद्वारा संयुक्तरूपमा सञ्चालित सर्वेक्षणद्वारा पहिचान गरिएको थियो।

देशको लगभग तीन करोड ५० लाख जनसङ्ख्यामध्ये दुई करोड २२ लाखभन्दा बढी अफगानहरूले तीव्र खाद्य अभावको सामना गरिरहेको सहायता एजेन्सीहरूको रिपोर्टमा जनाइएको छ।

# हराएका बालकको शव फेला

धनुषा, २४ जेठ (रासस)।
धनुषामा एक हप्तादेखि हराइरहेका एक बालकको शव फेला परेको छ। बालकको शव धनुषा र महोत्तरीको सीमामा फेला परेको हो।

एक साताअघि सर्लाहीको कबिलासी नगरपालिका-७ गैर बजार घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-८ मा छाप्रोमा बसिरहेका जियासरण बरहीका ६ वर्षीय छोरा राँकी बरही बेपत्ता भएका थिए। जनकपुरधाम-२२ र महोत्तरीको पिपरा गाउँपालिका-६ वसविट्टीस्थित दूधमती नदीको छेउको पानी भएको झाडीमा सोमबार राति बालकको शव फेला परेको धनुषाका प्रहरी उपरीक्षक वसन्त रजौरेले जानकारी दिनुभयो।

बरहीको परिवार घुमन्ते जीवन बिताइरहेका थिए। बालकको मृत्युबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। बालकको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ।

# जग्गा विवादमा कुटपिट हुँदा एकको मृत्यु

कलैया, २४ जेठ (रासस)।
जग्गाको नाप नक्साको विषयमा कुटपिट हुँदा आदर्श कोतवाल गाउँपालिका-६ मा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा निवासी ६३ वर्षीय प्रभुप्रसाद कुसवाहा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

छिमेकी रामप्रवेश महतो र किशोरी कुसवाहाका परिवार तथा मृतकका परिवारबीच जग्गाको विषयमा झगडाले कुटपिटको रुप लिँदा रामप्रवेश पक्षधरले कुसवाहालाई कुटपिट गर्दा सख्त घाइते उनको वीरगञ्जस्थित नेशनल मेडिकल कालेजमा उपचारको क्रममा मृत्यु भएको प्रहरी प्रवक्ता राजेश थापाले जानकारी दिनुभयो।

कुटपिटमा सम्लग्न किशोरी र रामप्रवेशलाई पक्राउ गरी थप अनुसन्धान थालिएको उहाँले बताउनुभयो। मृतक कुसवाहा अवकाश प्राप्त रेन्जर हुन्।

## माइक्रोबस...

नगरपालिका-८ का ३६ वर्षीय ओमनरायण पासवान, उनकी ३१ वर्षीया पत्नी इन्द्र देवी पासवान र उनका ७ वर्षीय छोरा आनन्द पासवान घाइते भएको प्रहरीको भनाई छ। घाइते सबैको गजेन्द्रनारायण सिंह अस्पतालमै उपचार भइरहेको जनाएको छ।

## गठबन्धन...

अन्तिम श्रद्धाञ्जली दिन पुगेका अध्यक्ष नेपालले चौधरीको निधनले दल विषेश मात्र नभएर विकास चाहने सबैलाई क्षती भएको बताए। पार्टी संगठनमा पनि उनले थालेको अभियानलाई पुरा गर्न सकेमा सच्चा श्रद्धाञ्जली हुने उनको भनाई थियो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


# कृषि क्षेत्रमा बजेट विनियोजन गर्ने : अध्यक्ष यादव



**दैनिक समाचारदाता**
**राजविराज, २४ जेठ।**
सप्तरीको बिष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवले दलित, महिला एवं विपन्न कृषकहरुकालागि आगामी आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा कृषि क्षेत्रमा बजेट विनियोजन गर्ने बताएका छन्।

मंगलबार सप्तरीको बिष्णुपुर गाउँपालिका वडा नम्बर ६ स्थित गोरगामामा महिलाहरूको लागि ४५ दिने व्यावसायिक तरकारी खेतीको उद्घाटन समारोहमा उनले सो कुरा बताएका हुन्।

युरोपियन युनियनको आर्थिक सहयोग, वेल्ट हङ्गर्हिल्फेको प्राविधिक सहयोग एवम आसमान नेपालको अगुवाई दलित सरोकार मञ्चको आयोजनामा सञ्चालित ४५ दिने तामलिमको उद्घाटन गर्दै अध्यक्ष यादवले सिमान्तकृत तथा मुसहर एवं दलित महिला समुहलाई लागि वडा कार्यालय, पालिकास्तर र प्रदेश सरकारबाट समेत सहयोग गर्ने प्रतिबद्धता गरे। अध्यक्ष यादवले सिमान्तकृत महिलाहरुलाई तरकारी खेती सम्बन्धि तालिम आयोजना गरेकोमा आयोजक संस्थालाई धन्यवाद व्यक्त गरे।

सो उद्घाटन समारोहको अध्यक्षता समेत रहेका बिष्णुपुर गाउँपालिका वडा नं.६ का अध्यक्ष परमानन्द यादवले भने तरकारी खेत एवं शिपमूलक तालिमबाट कृषक महिलाहरुका लागि वडा कार्यालयबाट सहयोग गर्ने प्रतिबद्धता गरेका छन्।

दलित सरोकार मंचका जिल्ला संयोजक राजकुमार पासवानले तरकारी उत्पादन गर्ने सीपले आर्थिक आर्जन गरि घर परिवार चलाउन तथा बालबालिकाहरुका लागि शिक्षामा सहयोग पुग्ने बताए। उनले तालिममा सहभागी महिलाहरूद्वारा उत्पादित तरकारीका लागि योजनाबद्ध तरिकाले बजारसम्म पहुँच बढाउने बताए।

उद्घाटन समारोहमा बिष्णुपुर गाउँपालिका कृषि अधिकृत सन्तकुमार मण्डल, प्रशिक्षक श्यामसुन्दर रजक, पीडित उत्थान युवा क्लव बिष्णुपुरका अध्यक्ष जयदेव राम, सुशासन सहकर्ता पुनम देवी सरदार, परिवर्तन अभिकर्ता शिवकुमारी सदा र सामाजसेवी बौवालाल सरदारले मन्तव्य व्यक्त गरेका थिए।

सीमान्तकृत समुदायको आर्थिक तथा समाजिक सवलिकरण गर्ने उद्देश्यले सञ्चालित तालिममा स्थानीय लक्ष्मी कृषक महिला समुहका १५ जनाको सहभागीता रहेको दलित सरोकार मञ्च नेपाल सप्तरीका सुशसान सहजकर्ता पुनम देवी सरदारले जानकारी दिए।


**गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*